मिति : २०७७.०२.०४ आदरणीय अभिभावकज्यू नमस्कार !

कोरोना अर्थात् कोभिड १९ को बहुआयामिक दुष्प्रभावको शिकार अन्य धेरै क्षेत्रहरुझैं विद्यालयहरु र त्यहाँ अध्ययनरत लाखौं विद्यार्थीहरु समेत हुन पुगेका छन् । संक्रमणको दर हालैका दिनहरुमा अझ तीव्र देखिनुले विद्यालयहरु तत्काल खुल्ने सम्भावनालाई थप क्षीण बनाएको छ । यस्तै सम्भावित विषमताको आँकलन एवं विश्लेषण गर्दै हामीले चैत्र महिना भरि संयमता राख्यौं तर वैशाखको पहिलो साताबाट नै नर्सरीदेखि कक्षा ७ सम्मका विद्यार्थीहरुलाई लक्षित गरी अनलाइन/ भर्चुअल कक्षाहरु सुरु ग-यौं । यो प्रयास आज चौथो हप्ता पूरा हुँदा सम्म करीब ९०% विद्यार्थीहरु समेटिनुले हामीलाई थप हौसला मिलेको छ । अब इन्टरनेटको प्रयोग केवल प्रयोग (trial) वा छनोट (choice) मात्र रहेन, एक उत्कृष्ट विकल्प बनिसक्यो । अतः जति विलम्ब ग-यो, त्यति पछि पर्नु मात्र हो ।

मुलत: वैशाख महिना समेत व्यतित भैसकेको, स्थानीय प्रशासनले लकडाउनको स्वरूपमा केही परिवर्तन गरेको र विद्यालयको प्राविधिक पक्ष समेत सबल रहेको वर्तमान अवस्थामा विद्यालय व्यवस्थापनले 'घरमै शिक्षा - घरमै सुरक्षा' को अवधारणा सहित केही महत्वपूर्ण निर्णयहरु लिएको एवं विद्यालयको व्यवस्थापकीय प्रयोजनका लागि सहयोग समेतको अपेक्षा राखेको विषय श्रद्देय अभिभावकज्यूहरु समक्ष निवेदन गरेका छौं :

१. (karkhana.asia) सँग शैक्षिक-सत्र २०७७ का लागि S-T-E-A-M लगायत प्राविधिक सहकार्य गर्ने गराउने गरी सम्झौता भए वमोजिम Google Calendar, Google Classroom र Google Meet सहितका श्रोतहरुको प्रयोग गरी प्रभावकारी रुपमा Live Online कक्षा संचालन गर्ने लक्ष्य रहेकोमा २०७७ साल जेठ २ गते शुक्रबार सो को सफल परीक्षण सम्पन्न भएकाले २०७७ साल जेठ ४ आइतवार गते देखि दिनको १२.३० बजे देखि शुरुवातमा कक्षा ४ देखि ७ सम्मका विधार्थीहरु समेटी कक्षा संचालन गर्ने र दायरा विस्तार गर्दै लैजाने । त्यसका लागि प्राविधिक उपकरण, ब्यान्डविथ आदिको स्तर अभिवृददि गर्ने ।

२. मिति २०७७ साल जेठ ४ गते आइतवार देखि लिलिपुट तीनपैनी, कंचनवारी र तीनटोलिया गरी तीन वटै केन्द्रहरुबाट प्ले-ग्रुप, नर्सरी, प्री-वन र प्री-टूका विद्यार्थीहरुलाई पाठ्य-सामग्री सहित कपी/स्टेशनरीहरु, कक्षा १ देखि ७ सम्मका विद्यार्थीहरुलाई अभ्यास पुस्तिका (नोट-बुक/कपी) आदि उपलब्ध गराउने । यसका लागि अभिभावकज्यूहरुले मोबाइल नम्बरहरु ९८११०४०११८, ९८६३०१५५७८, ९८५२०२९५१३, ९८४२३५९८०६, ९८६२१९८०९१ मा सम्पर्क गरी सहजतापूर्वक प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ । यसले बजार पूर्ण सुचारु नभएको तर विद्यालयमा पर्याप्त मौज्दात रहेको वर्तमान अवस्थामा पठन-पाठनमा केही सघाउ पुग्ने विश्वास लिइएको छ ।

३. हाललाई हरेक विद्यार्थीबाट रु. १२,५००.०० (अक्षरुपी रु बाह्र हजार पाँच सय मात्र) स्वेच्छिक रुपमा पेश्की रकम (Advance from Student) शीर्षकमा प्राप्त गर्ने र संकलित रकम विशेषत: कर्मचारीहरुको चैत्र/ वैशाख महिनाको तलब, प्राविधिक स्तरोन्नति लगायतका शीर्षकहरुमा खर्च गर्ने र लकडाउन समाप्त भई विद्यालय संचालनमा आइसके पश्चात् नेपाल सरकार र अन्य सरोकारवाला निकायको निर्णय र हाम्रा अभिभावकहरुको भेला समेत बाट अनुमोदन गराई सोही बमोजिम् हुनेगरी तिर्नुपर्ने शुल्कहरुमा समायोजन गरी हिसाब-मिलान गर्ने । यसो गर्दा एकातिर शिक्षण/ गैरशिक्षण कर्मचारीहरुको जीवनयापन सहज हुने र विद्यालयका वर्तमान प्राविधिक गतिविधिहरु सुचारु राख्न मदत पुग्ने र अर्कोतिर आर्थिक विषमताको ठूलो प्रभाव विद्यालय व्यवस्थापन एक्लैलाई नपरी सबै अभिभावकज्यूहरुमा समेत बाँडने र सहकारिता हासिल हुन गई विषम परिस्थितिमा समेत विद्यालय बलियो रहन मद्दत पुग्नेछ । हामीलाई पूर्ण विश्वास छ - हाम्रा अभिभावकज्यूहरुको सहयोग यसपटक समेत अभूतपूर्व रुपमा रहने छ ।

५. यी सबै कार्यहरु गर्दा आवश्यक सम्पूर्ण सुरक्षा उपायहरु अवलम्बन गरी कार्य गर्ने ।

धन्यवाद । चिरन्जीवी तिम्सिना अध्यक्ष विद्यालय व्यवस्थापन एवं संचालक समिति लिलिपुट प्रिमियर एलिमेन्ट्री स्कुल विराटनगर – ०२